**बकैया गाउँकार्यपालिकाको मिति २०८०।२।०५ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु**

**१. नदिजन्य पदार्थ उत्खन्न तथा संकलन तथा सोको लागि मेशिन तथा गाडि भाडाको लागि ठेक्का सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफलगर्दा नदिजन्य पदार्थको प्रारम्भिक वातावरणिय प्रतिवेदन (IEE) उल्लेखित परिमाण तथा प्रविदेनको समयावधि यसै आर्थिक वर्षमा समाप्त हुने तथा यस आर्थिक वर्षमा नदिजन्य पदार्थ उत्खन्न तथा विक्रि वितरणवाट ७ करोड आम्दानि प्रक्षेपण गरेको साथै खुला बोलपत्र तथा सिलवन्दी मार्फत ठेक्का आवह्वान गर्न समय समेत नरहेको सन्दर्भमा हिरामुनी खोला, चम्पाखहरे खोला तथा बकैया खोलाका स्थानहरुमा बाकी रहेको परिमाण हिरामुनी खोलाको ५६००० घन मिटर, चम्माखहरे खोलाको ८००० घनमिटर तथा बकैया खोलाको २७००० घनमिटर नदिजन्य पदार्थ उत्खन्न तथा संकलन गर्ने तथा उक्त नदिजन्य पदार्थ उत्खन्न तथा संकलनको लागि आवश्यक मेशिन तथा गाडिहरु भाडामा लिनको लागि सात दिनको सिलवन्दी कोटेशन मार्फत ठेक्का आवह्वान गर्ने निर्णय गरियो साथै उल्लेखित स्थानहरुबाट उत्खन्न गरिने नदिजन्य पदार्थ वकैया गाउपालिका वडा नं ५ को बगुवा खहरे आसपास तथा वडा नं ७ हिरामुनी खोलाको बकैया कृषि औद्योगिक ग्रामको परिसरमा घटगद्दि गर्ने निर्णय गरियो ।

**२. योजना संशोधन सम्वन्धमाः-**

प्रस्तुत विषयमा यस गाउँपालिकाको आर्थिक विकास शाखा अन्तर्गतको तपशिल वमोजिमको कार्यक्रम संशोधन गरी रु ५,५०,०००। रकम रकामन्तर गरी वकैया कृषि प्रदर्शनी केन्द्र स्थापना गर्ने निर्णय गरियो ।

तपसिल

- च्याउ बीउ उत्पादन सामाग्री खरिद रु ३,००,०००।
- कृषि मेला प्रदर्शनि कार्यक्रम रु १,५०,०००।
- रैथाने बाली उत्पादन तथा प्रवर्दन कार्यक्रम रु१,००,०००।

**३. आगामि आ.व. को बजेट सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफलगर्दा आगामि आर्थिक वर्षको लागि बजेट निर्माण तथा सिमा सम्वन्धमा छलफल गरी स्रोत अनुमान तथा सिमा निर्धारण समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

धर्मराज लामिछाने
अध्यक्ष